# सचिव बैठक – भाद्र १८, २०७८

## (निजामती सेवा दिवशसम्वन्धी विशेष बैठक)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

निर्णयहरु :

१. प्रदेशका सबै जिल्लामा जिल्ला जनस्वास्थ्य कार्यालयले जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा आमनागरिकको बढी उपस्थिति रहने स्थान र सवारी साधनमा बिना मास्क यात्रा गर्ने सर्वसाधारणहरुलाई लक्षित गरी कोभिड- १९ को रोकथाम र नियन्त्रणको सन्दर्भमा मास्क वितरण गर्ने ।

२. राष्ट्रसेवक कर्मचारी वृक्षारोपण राष्ट्रिय अभियानबमोजिम वन, भूसंरक्षण तथा वातावरण मन्त्रालयको आयोजनामा रुपन्देही जिल्लाको देवदहमा भाद्र २१ गते विहान ९ बजे माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने। वृक्षारोपण सम्वन्धी सम्पूर्ण व्यवस्थापन वन, भूसंरक्षण तथा वातावरण मन्त्रालयले गर्ने।

३. भाद्र २२ गते विहानी सत्रमा सबै मन्त्रालयहरुले कार्यालय र कार्यालय परिसरको सरसफाइ र स्वच्छता कार्यक्रम सञ्चालन गर्ने।

४. प्रत्येक मन्त्रालयले मन्त्रालय वा मातहत कार्यालयमा कार्यरत एक जना कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा छनौट गरी रु दश हजार नगद सहित पुरस्कृत गर्ने९२ औं सचिव बैठकको निर्णयानुसार भाद्र २२ गते सबै मन्त्रालयले उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने।।

५. निजामती सेवा दिवसको उपलक्ष्यमा सञ्चालन गरिने औपचारिक र अनौपचारिक कार्यक्रममा समेत नेपाल सरकारद्धारा जारी स्वास्थ्य प्रोटोकलको अवलम्वन गर्ने। साथै, कार्यक्रममा कोरोना संकट व्यवस्थापन केन्द्रको न्यूनतम उपस्थितिको सिद्धान्तलाई आत्मसात गर्दै स्वास्थ्य सुंरक्षाका मापदण्डको परिपालना गर्ने, गराउने। ।

**प्रमुख सचिव**